**Union Network International (UNI) र नेपाल ट्रेड युनियन काँग्रेस (NTUC) सँग आबद्ध**

# नेपाल वित्तीय संस्था कर्मचारी संघ

## राष्ट्रिय समिति

## बबरमहल, काठमाण्डौ, नेपाल

(स्थापित : २०४७)

## ध्यानाकर्षण - विज्ञप्ति

२१ औं शताब्दीको मानव समाजमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको प्रभावबाट नेपाल पनि अछुतो रहन सकेन । हाम्रो मुलुकमा यस भाइरसबाट संक्रमितको संख्या दिनानुदिन वृद्धि भइरहेकोले आमजनताहरुमा यसको त्रास बढिरहेको अवस्था छ । यस महामारीको कारण मुलुकमा २०७६ चैत ११ गतेदेखि सृजित निरन्तरको लकडाउनले जनजीवन थप कष्टकर बन्दै गइरहेको छ ।

नेपालको बैंक, बीमा, लघुवित्त तथा अन्य वित्तीय संस्थाहरुलाई अत्यावश्यक सेवा प्रदान गर्ने संस्थाको रुपमा वर्गीकरण गरेको र यस क्षेत्रका कर्मचारीहरु लकडाउनको समयमा पनि महामारीको प्रवाह नगरी जोखिम लिएर आफ्ना सेवाग्राहीहरुलाई अत्यावश्यक वित्तीय सेवा प्रदान गर्दै आइरहेका छन् । तसर्थ, यस विषम परिस्थितिमा वित्तीय क्षेत्रमा कार्यरत कर्मचारी (अस्थायी, करार तथा ज्यालादारी समेत) हरुलाई जागिरबाट विमुख नगर्न, आवश्यक स्वास्थ्य सुरक्षाको व्यवस्था गर्न, बीमा सुरक्षा तथा प्रोत्साहन भत्ताको व्यवस्था गरी कर्मचारीहरुलाई उत्प्रेरित गराउँदै कार्यमैत्री वातावरण सिर्जना गर्न तथा कर्मचारीहरुको मनोबल गिर्ने खालका कुनै पनि प्रकारका गतिविधिहरु नगर्न यस संघले पटक-पटक सम्बन्धित निकायहरुलाई विज्ञप्ति मार्फत ध्यानाकर्षण गराइएको व्यहोरा समेत स्मरण गराउँदछौं ।

***यसै सन्दर्भमा केही वित्तीय संस्थाको व्यवस्थापनबाट यस विषम परिस्थितिमा निकै जिम्मेवार भई आफ्ना कर्मचारीहरुको सेवा तथा सेवाशर्तको सुरक्षागरी आवश्यक विशेष सुविधाहरु प्रदान गरेकोमा आभार व्यक्त गर्दछौं । तथापि, अन्य केही बैंक, बीमा, लघुवित्त तथा अन्य वित्तीय संस्थाहरुको व्यवस्थापनले विषम परिस्थितीलाई बाहाना बनाएर मानवीय सम्वेदना भन्दापनि पर गएर संस्थाको उद्देश्य प्राप्तिमा अहोरात्र खटिने निम्नस्तरका निमुखा कर्मचारीहरुको रोजीरोटी खोस्ने र उनीहरुको चुल्हो बल्न नसक्ने अवस्था सृजना गरी आश्रित परिवारलाई भोकै बस्न बाध्य पारेको प्रति यस संघ घोर आपत्ति र खेद प्रकट गर्दछ । संस्थाको व्यवस्थापनबाट भएका यस प्रकारका गैरजिम्मेवारपूर्ण निर्णयलाई तत्काल सुधार गरी सेवाबाट हटाइएका कर्मचारीहरुलाई अविलम्व पुनर्वहाली गर्न सम्बन्धित पक्षसंग जोडदार माग गर्दछ ।*** साथै, वित्तीय क्षेत्रमा कार्यरत कर्मचारीहरुको सेवा तथा सेवाशर्तको सुरक्षागरी कर्मचारीहरुलाई कार्यमैत्री वातावरण सृजना गर्न नेपाल सरकार, नियामक निकाय, सम्बन्धित संस्था,उच्च व्यवस्थापन तथा अन्य सरोकारवाला निकायलाई देहायका विषयहरुमा गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं ।

नेपाल वित्तीय संस्था कर्मचारी संघ २०४७ राष्ट्रिय समिति

पो.ब.नं. : ८९७५ (इपिसी ५१२२), फोन/फ्याक्स : +९७७-१-५७०५३५६, Email : mail@fieun.org.np, info@fieun.org.np,
Web : www.fieun.org.np

१) कोरोना महामारीबाट हुनसक्ने जोखिमबाट सुरक्षा प्रदान गर्न सम्पूर्ण बैंक तथा वित्तीय संस्थाका कर्मचारी तथा निजका आश्रित/एकाघर परिवारका सदस्यहरुको अनिवार्य कोरोना बीमा गर्ने व्यवस्था सम्बन्धित संस्थाले गर्नुपर्ने । यसरी बीमा बापत गरिएको खर्चलाई संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व **(CSR)** शिर्षक अर्न्तगत खर्च गर्न पाउने व्यवस्थाको लागि नियामक निकायबाट अविलम्व निर्देशन जारी गरियोस् ।

२) बीमा समितिले मिति २०७७/०२/०७ गते ईजाजतपत्रप्राप्त सबै बीमा कम्पनीहरुलाई व्यवस्थापन खर्च न्युनिकरण गर्ने सम्बन्धमा गरेको परिपत्र बमोजिम केही जीवन तथा निर्जीवन बीमा कम्पनीहरुले कोभिड-१९ द्वारा सृजित यस विषम परिस्थितिमा कर्मचारीहरुलाई सुरक्षित गराई उच्च मनोबलका साथ कार्य गर्ने वातावरण सृजना गराउनुको सट्टा जागिरबाट हटाई कर्मचारीहरुको रोजी-रोटी खोसेकोले बीमा समितिको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं । साथै, जागिरबाट हटाइएका कर्मचारीहरुलाई तत्काल पुनर्वहाली गर्न सम्बन्धित बीमा कम्पनीहरुलाई अनुरोध गर्दछौं । साथै, बीमा समितिबाट समेत जागिरबाट बिमुख गराइएका कर्मचारीहरुको पुनर्वहाली गर्ने सम्बन्धमा तत्काल आवश्यक निर्देशन जारी गरियोस् ।

३) बैंक तथा वित्तीय संस्थाहरुमा पनि यस महामारीको समयमा कर्मचारीहरुलाई सेवाबाट विमुख गर्ने कार्य भइरहेको हुँदा जागिरबाट हटाइएका कर्मचारीहरुलाई पुनर्वहाली गर्न सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुको गम्भीर ध्यानाकर्षण गराउँदछौं । साथै, नेपाल राष्ट्र बैंकबाट पनि यस विषम परिस्थितिमा जागिरबाट हटाइएका कर्मचारीहरुलाई तत्काल पुर्नवहाली गर्न तथा अब उप्रान्त कर्मचारी हटाउने निर्णय नगर्न आवश्यक निर्देशन दिइयोस् ।

४) देशका अधिकांश लघुवित्त वित्तीय संस्था लगायत ग्रामीण बिकास लघुवित्त वित्तीय संस्थामा फिल्डमा गई ग्राहकहरुसंग प्रत्यक्ष सम्पर्कमा रही कार्य गर्नुपर्ने र सम्बन्धित लघुवित्त संस्थाहरुबाट आवश्यक स्वास्थ्य सामाग्रीहरुको यथोचित व्यवस्था तथा बीमा सुरक्षा व्यवस्था र अन्य स्वास्थ्य सुरक्षाको प्रबन्ध सम्बन्धित संस्थाबाट अविलम्व व्यवस्था गरियोस् । सो सम्वन्धमा नियामक निकायबाट समेत आवश्यक निर्देशन प्रदान गरियोस् ।

५) कोरोना भाइरसद्वारा सृजित विषम परिस्थितिमा नेपाल धितोपत्र बोर्डद्वारा इजाजतपत्र प्रदान गरिएका संस्थाहरुमा कार्यरत कर्मचारीहरुको सेवा तथा सेवाशर्तको सुरक्षा एवं संस्थागत समस्याहरुको समाधान गर्ने सम्बन्धमा नेपाल धितोपत्र बोर्डबाट आवश्यक निर्देशन जारी गरियोस् ।

नेपाल वित्तीय संस्था कर्मचारी संघ
२०४७
राष्ट्रिय समिति

६) महामारीको यस कठिन समयमा पनि अत्यावश्यक सेवा प्रदायक संस्थाको रुपमा रहेको वित्तीय संस्थाहरुको सेवा प्रवाहका लागि कार्यरत कर्मचारीहरु कोभिड-१९ को उच्च जोखिममा रहेकोले यस क्षेत्रमा कार्यरत कर्मचारीहरुको अनिवार्य **Covid-19** को **PCR Test** गर्ने व्यवस्था मिलाइयोस् ।

७) नेपाल सरकारद्वारा आगामी २०७७ जेठ १५ गते संसदमा पेश हुन गइरहेको २०७७/०७८ को वार्षिक बजेटमा यसै विज्ञप्तिमा उल्लिखित मुद्दाहरु समेत समावेश गरी समग्र वित्तीय क्षेत्रको सुरक्षा तथा यस क्षेत्रका कर्मचारीहरुको पेशागत सुरक्षाको लागि आवश्यक कार्यक्रमहरु ल्याइयोस् ।

८) बैंक, बीमा, लघुवित्त तथा अन्य वित्तीय क्षेत्रमा कार्यरत कर्मचारीहरु कोभिड-१९ को उच्च जोखिमका बाबजुत आफ्नो कर्तव्य पालना गरिरहेको अवस्थामा कर्मचारीहरुको मनोबल गिराउने कार्यहरु (जस्तैः सेवासुविधा कटौती, बिदा कटौती आदि कार्यहरु) सम्बन्धित संस्थाको व्यवस्थापनबाट गर्न बन्द गरियोस् ।

९) वर्तमान परिस्थितिको कारण बैंक, बीमा, लघुवित्त तथा अन्य वित्तीय क्षेत्रमा निकट भविष्यमा पर्नसक्ने गम्भीर प्रभावहरुलाई मध्यनजर गर्दै वित्तीय क्षेत्रमा अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन सुधारका प्याकेज ल्याइयोस् ।

अन्त्यमा,

यस विषम परिस्थितिको कारण मुलुकको समग्र क्षेत्रमा परेको नकारात्मक असरले वित्तीय क्षेत्र लगायत अर्थतन्त्रमा दुष्प्रभाव पर्ने निश्चित भएकोले समयमै योजनाबद्ध रुपमा नीति, योजना र कार्यक्रमहरु ल्याउने तर्फ नेपाल सरकार, नियामक निकाय, सम्बन्धित संस्था, उच्च व्यवस्थापन तथा अन्य सरोकारवाला निकायहरुको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं ।

**स्वस्थ्य रहौं - सुरक्षित बसौं !** **सर्वे भवन्तु सुखिनः !!** **धन्यवाद !!!**

**२०७७ साल जेठ १३ गते, मंगलवार !**

(हरि राज खरेल)
महासचिव

नेपाल वित्तीय संस्था कर्मचारी संघ
२०४७
राष्ट्रिय समिति

(पदमराज रेग्मी)
अध्यक्ष

पो.ब.नं. : ८९७५ (इपिसी ५१२२), फोन/फ्याक्स : +९७७-१-५७०५३५६, Email : mail@fieun.org.np, info@fieun.org.np,
Web : www.fieun.org.np